
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ७९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत २० गते सोमबार ❑ 3 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## कास्कीमा सडक दुर्घटना बढ्दो

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत

दुई साताको अन्तरमा पोखरामा दुई जनाले सडक दुर्घटनामा ज्यान गुमाए । महानगरको व्यस्त सडक न्यूरोडमा गत शुक्रबार मिनी माइक्रोले ठक्कर दिँदा स्कुटर चालक ४५ वर्षीय सूर्य थकालीको मृत्यु भयो । त्यसअघि यही चैत ३ गते चिप्लेढुङ्गामा नगर बसको ठक्करबाट स्कुटरमा सवार २४ वर्षीया दीक्षा कार्कीले ज्यान गुमाउनुपऱ्यो ।

यी प्रतिनिधि घटनाले पोखरामा बढ्दो सवारी दुर्घटनालाई दर्शाउँछ । यसरी लगातार जसो भइरहेका दुर्घटनाले सडक सुरक्षामा प्रश्न उठ्न थालेको छ । सार्वजनिक यातायातमा देखिएको असुरक्षाप्रति सर्वसाधारण त्रसित छन् । सडक दुर्घटना न्यूनीकरण नभएकामा जनगुनासो बढ्दो छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार चालु आवको हालसम्म कास्कीमा ७९ वटा सडक दुर्घटना भएका छन् । दुर्घटनामा परी २९ जनाले ज्यान गुमाए भने ८९ जना गम्भीर घाइते भए । आव सकिन अझै तीन महिना बढी बाँकी छ । गत वर्ष ९८ दुर्घटना हुँदा ५५ जनाको मृत्यु भएको थियो । आव २०७७/०७८ मा भएका ६४ सडक दुर्घटनामा ४३ जनाले ज्यान गुमाएका थिए । पछिल्ला तीन वर्षको आँकडाले कास्कीमा सडक दुर्घटना बढ्दै गएको देखाउँछ । दुर्घटनाको सङ्ख्यासँगै मानवीय क्षति पनि बढ्दो क्रममा छ । बढ्दो आवादी र सवारी चापले बर्सेनि दुर्घटनाको जोखिम बढाएको हो । पोखरा महानगर र राजमार्ग क्षेत्रमा बढी दुर्घटना हुने गरेको कार्यालयका सूचना अधिकारी एवं प्रहरी वरिष्ठ नायब निरीक्षक शिवप्रसाद पाठकले बताउनुभयो । नब्बेदेखि ९५ प्रतिशतसम्मको सवारी दुर्घटना चालकको लापरबाहीका कारण हुने गरेका उहाँको भनाइ छ । "तीव्र गति, मापसे जस्ता कारणबाट बढी दुर्घटना हुने गरेको छ, सहरी क्षेत्रमा हुने दुर्घटनामा साना सवार ासाधनको बढी दोष देखिन्छ", उहाँले भन्नुभयो । चालु आवमा भएका ७९ दुर्घटनामध्ये ४४ तीव्र गतिका कारण भएको उहाँले उल्लेख गर्नुभयो । स्तरहीन सडक, यान्त्रिक गडबडी, जथाभावी पार्किङ आदि कारणले पनि दुर्घटना हुने गरेको छ । "पोखरामा व्यवस्थित पार्किङ नहुँदा ट्राफिक व्यवस्थापनमा चुनौती थपिएको छ", प्रहरी वरिष्ठ नायब निरीक्षक पाठकले भन्नुभयो, "ठाउँठाउँमा भइरहेको सडक, नाली निर्माणले पनि दुर्घटनाको जोखिम बढाइरहेको छ ।" कार्यालयले दुर्घटना न्यूनीकरणका लागि सडक सुरक्षा सचेतना कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

## व्यवसाय मैत्री पार्किङ व्यवस्थापन हुनुपर्ने व्यवसायीहरुको माग

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत

पोखराउद्योगी/व्यवसायीहरुले सहरको मुख्य सडक क्षेत्रमा पार्किङ निषेध हैन व्यवस्थापन गर्नुपर्ने माग दोहोऱ्याएका छन् । मान्छेको आवागमन नै सहरको विशेषता भएको बताउँदै उनीहरुले व्यापार/व्यवसाय नै ठप्प हुनेगरी न्यूरोडलगायतका क्षेत्रको सडक खाली गराउन नहुने जिकिर पनि गरेका छन् ।

पोखरा महानगरपालिकाले न्यूरोडसहित पोखराका मुख्य सडक क्षेत्रमा पार्किङ निषेध अभियान चलाएको सन्दर्भमा उनीहरुको यो भनाइ बाहिर आएको हो । पोखरा उद्योग वाणिज्य संघले आइतबार पोखराको ट्राफिक व्यवस्थापनबारे आयोजना गरेको अन्तरक्रियामा बोल्ने अधिकांश वक्ताहरुले ट्राफिक प्रहरीको व्यवहार,सडक सुरक्षा एवं पार्किङ व्यवस्थापनबारे विभिन्न धारणाहरु राखेका थिए ।

कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले यातायात क्षेत्र व्यवस्थित हुनुपर्नेमा दुईमत नभए पनि नागरिकलाई अप्ठेरो पार्ने काम हुन नहुनेमा जोड दिए । उनले यातायात व्यवस्था कार्यालय तथा जिल्ला ट्राफिक प्रहरी कार्यालयले सेवाग्राहीलाई केन्द्रमा राख्दै व्यवहारिक निर्णय गर्नुपर्ने बताए । यातायात व्यवस्था कार्यालय कास्की (सवारी) का प्रमुख डिल्लीराम रिजालले आफ्नो कार्यालयले १५ मिनेटभित्र सेवाग्राहीलाई सेवा दिने गरेको जिकिर गरे । नागरिकहरुले यातायात कार्यालयलाई घुस दिने थलोको रुपमा बुझ्ने गरेको स्वीकार्दै उनले भने,' कतिपय अवस्थामा विचौलियाको कारणले र बाँकी हल्लाको कारणले त्यस्तो मानसिकताको विकास भएको हो तर यातायात व्यवस्था कार्यालयले आफूलाई सुधार गरिसकेको छ ।' उनले नियम मिच्ने अधिकार कसैलाई पनि नभएको तर पोखरामा दैनिक उपभोग्य बस्तु ढुवानी गर्ने सवारी साधनलाई सहज हुने गरी छत र ढोका राख्न दिएको जानकारी गराए । यसअघि व्यवसायीहरुले सामान ढुवानी गर्ने गाडीहरुको स्वरुप परिवर्तन गर्न पाउनुपर्ने र त्यस्तोमा ट्राफिक प्रहरीले जरिवाना लिन नहुने माग गरेका थिए । कार्यक्रममा बोल्दै जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक कृष्णबहादुर चन्दले पोखरामा पार्किङको समस्या चुनौतीपूर्ण हुँदै गएको,ट्राफिक लाइट राखेर पनि चलाउन हम्मे परेको बताउँदै सुरक्षित र व्यवस्थित ट्राफिक व्यवस्थापनको लागि आफू क्रियाशिल रहेको बताए ।

सोही कार्यालयका वरिष्ठ सइ तथा प्रवक्ता शिवप्रसाद पाठकले पोखराका सवारी चालकहरुमा ट्राफिक नियम उल्लंघन गर्ने प्रवृत्ति डरलाग्दो भएको बताए । उनले पछिल्लो समय न्यूरोडमा सवारी दुर्घटना बढेको स्वीकार्दै डिभाइडर राखेपछि न्यूनीकरण हुने जिकिर गरे । पोखरा उद्योग वाणिज्य संघका उद्योग उपाध्यक्ष देवेन्द्र केसीको धन्यवाद र महासचिव बलराम आचार्यको संचालन रहेको कार्यक्रममा बोल्दै व्यवसायी मनोहर श्रेष्ठले पोखराको न्यूरोडमा पार्किङ गर्न पाउनुपर्ने माग जोडतोडले उठाए । उनले नगर बसहरुले सडककै बीचमा मान्छे झार्ने र ओराल्ने गर्दा दुर्घटनाको जोखिम बढेको उनको भनाइ थियो । अर्का व्यवसायी सिरोज कोइरालाले सहरमा मान्छेको आवागमन रोक्ने गरी नीति नियम बनाउन नहुने बताए । उनले संसारका ठूला सहरहरुमा पनि सडकको निश्चित भागमा पार्किङ हुने गरेको बताउँदै न्यूरोडबाट पार्किङ हटाउन नहुने जिकिर गरे ।

पोखरा उद्योग वाणिज्य संघका कार्यसमिति सदस्य बालकृष्ण कोइरालाले ट्राफिक प्रहरीले विभिन्न ठाउँमा भन्सारकै शैली चेकजाँच गर्ने र रकम बुझाउनेहरुलाई उन्मुक्ति दिने गरेको आरोप लगाए । अर्का कार्यसमिति सदस्य दीलिप श्रेष्ठले सामान ढुवानी गर्ने साधनहरुमा छत,ढोका राख्न पाउनुपर्ने र यसअघि भएका निर्णयहरु कार्यान्वयन हुनुपर्नेमा जोड दिए । यस्तै कार्यसमिति सदस्य कृष्णप्रसाद कोइराला,राम कँडेल,सुदीप ओझा, टीकाराम सुवेदी,युवकबहादुरबस्नेतलगायतले लेकसाइड क्षेत्रमा गरिने सवारी चेकजाँचले व्यवसायीहरुलाई त्रसित बनाइएको, फर्निचरका सामानहरु ढुवानी गर्दा ट्राफिकले दुःख दिने गरेको,यातायात कार्यालयमा ढिलो काम हुने गरेकोलगायतका गुनासाहरु राखेका थिए ।

## उम्मेदवारी दर्ताका लागि दललाई छुट्टाछुट्टै समय

**पोखरापत्र संवाददाता**
दमौली, १९ चैत

आगामी वैशाख १० गते हुने प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनका सन्दर्भमा भोलि सोमबार तनहुँ-१ मा उम्मेदवारी दर्ताका लागि राजनीतिक दललाई छुट्टाछुट्टै समय निर्धारण गरिएको छ ।

उम्मेदवारी दर्तालाई व्यवस्थित बनाउन जिल्लास्थित राजनीतिक दलको समन्वयमा छुट्टाछुट्टै समय निर्धारण गरिएको हो । मुख्य निर्वाचन अधिकृतको कार्यालयले आज यहाँ आयोजना गरेको सरोकारवालासँगको छलफलका क्रममा उम्मेदवारी दर्ता गर्न आउँदा सबै दललाई समय निर्धारण गरिएको छ । एकैपटक सबै दल आउँदा भीडभाड हुने र उम्मेदवारी दर्ता कार्यक्रम अस्तव्यस्त हुने भएकाले दलको समन्वयमा समय निर्धारण गरिएको सहायक निर्वाचन अधिकृत मीनबहादुर कुँवरले जानकारी दिनुभयो । नेपाली कांग्रेसलाई बिहान १२ बजे, नेकपा (एमाले) लाई ११ बजे, नेकपा (माओवादी केन्द्र) लाई दिउँसो २ बजे, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लाई दिउँसो १ बजे र नेकपा (एकीकृत समाजवादी) लाई १:३० को समय निर्धारण गरिएको छ । अन्य राजनीतिक दललाई पनि सहमतिमै समय निर्धारण गरेर उम्मेदवारी दर्ताका लागि व्यवस्था मिलाइने मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । मुख्य निर्वाचन अधिकृत कोमलप्रसाद आचार्यले उम्मेदवारी दर्तालाई व्यवस्थित बनाउन सबै राजनीतिक दलसँग समन्वय गरिने बताउनुभयो । उपनिर्वाचनलाई शान्तिपूर्ण, मर्यादित र निष्पक्ष बनाउन सबै पक्षको सहयोग आवश्यक पर्ने उहाँको भनाइ थियो । प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले निर्वाचनलाई भयरहित, निष्पक्ष र मर्यादित बनाउन प्रशासन प्रतिबद्ध रहेको बताउनुभयो ।

नेपाली कांग्रेसका सचिव लक्ष्मीभक्त खनाल, एमालेका उपसचिव प्रदीपराज अधिकारी, माओवादी केन्द्रका अध्यक्ष ओमराज आले, एकीकृत समाजवादीका अध्यक्ष श्रीराम कार्की, राप्रपाका अध्यक्ष विनोद घर्तीलगायतले आचारसंहिता पालनामा आफ्नो दल पूर्ण प्रतिबद्ध रहेको बताउनुभयो । सो अवसरमा निर्वाचन कार्यालयका प्रमुख हरिप्रसाद ढकालले उम्मेदवारी दर्ताका क्रममा आवश्यक कागजात, पालना गर्नुपर्ने आचारसंहितालगायतका विषयमा प्रष्ट पार्नुभएको थियो ।

## नेपाली नाटक जापानमा प्रदर्शन गरिने

**पोखरापत्र संवाददाता**
दमौली, १९ चैत

नेपाली नाट्य कर्मीले तयार पारेको 'इम्ब्रियोनिक' नाटक जापानमा मञ्चन गरिने भएको छ ।

इन्द्रेणी थिएटरको प्रस्तुति रहेको उक्त नाटक आगामी अप्रिल ८ र अप्रिल ९ मा जापानको इतावासीस्थित सबटेरेनियम थिएटरमा मञ्चन गरिने उक्त संस्थाद्वारा सोमबार पोखरामा आयोजित पत्रकार सम्मेलन जानकारी दिइयो । इन्द्रेणी थिएटरका अध्यक्ष केदारनाथ पौडेलले इम्ब्रियोनिक नाटकमा मानव विकासक्रम र अन्त्यसम्मको सङ्घर्षका गाथामा आधारित रहेको बताउनुभयो । "कला क्षेत्रमा सबै कलाका विधा प्रयोग गरेर केही नौलो प्रस्तुति जन्माउन खोजिएको उक्त नाटकलाई थप परिस्कृत गर्दै जापान लान लागिएको हो", अध्यक्ष पौडेलले भन्नुभयो । टिकटमा प्रस्तुत गरिने उक्त नाटक जापानमा दुई सो प्रदर्शन गर्न लागिएको बताइएको छ । केही महिना अघि मात्र तयार भएको उक्त नाटक कास्कीको पोखरा-१९ को ढिकीडाँडा रिसोर्ट, पोखरा थिएटर र काठमाडौंको मण्डला थिएटरमा प्रदर्शन गरिएको जानकारी अध्यक्ष पौडेलले दिनुभयो ।




# पोखरा लिङ्कन इन्टरनेशनल कलेजमा एमबिए कक्षा सुरु हुने

पोखरापत्र संवाददाता
पोखरा, १९ चैत

पोखराको सिमलचौरमा रहेको पोखरा लिङ्कन इन्टरनेशनल कलेजमा एम.बि.ए. को कक्षा सुरु हुने भएको छ।

समयको माग अनुसार विगत १२ बर्ष अघि स्नातक तहमा बि.बि.ए. र बि. एच.एम को पठन पाठन गर्दै आएको उक्त कलेजले यसै शैक्षिक सत्र देखि एम.बि.ए.(मास्टर इन विज्नेस एड्मिनेष्ट्रेशन) को कक्षा समेत संचालन गर्ने भएको आइतबार कलेजमा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

समयको माग अनुसार विगत १२ बर्ष अघि स्नातक तहमा बि.बि.ए. र बि.एच.एम को पठन पाठन गर्दै आएको उक्त कलेजले यसै शैक्षिक सत्र देखि एम.बि.ए. सुरु गर्न लागेको पोखरा लिङ्कन इन्टरनेशनल कलेजका अध्यक्ष शेर बहादुर गुरुङले बताए। पेशागत दक्षता र क्षमता अभिबृद्धि, प्रतिष्प्रर्धी जनशक्ति उत्पादन गर्न तथा आफ्नै घरमा बसेर पनि अन्तराष्ट्रिय स्तरको शिक्षा प्रदान गर्न आफुहरुले मलेसियाको लिङ्कन विश्वबिद्यालयसंगको सम्बन्धन प्राप्त गरी कक्षा




संचालन गर्ने अन्तिम तयारी गरिएको अध्यक्ष गुरुङले जनाए। पहिलो व्याचमा अधिकत्तम ३० जनासम्म नयाँ बर्षबाट सुरु गरिने उक्त कोर्षको अध्ययन भने सबैको पाइक पर्ने समय बेलुका ५:३० देखि ८:३० बजेसम्म गरी ३ घण्टा हुने भएको उनले बताए।

२ बर्षीय अर्थात ४ सेमेस्टरमा हुने उक्त कोर्ष अध्ययन गर्ने बिद्यार्थीहरुको बजारमा अत्याधिक माग भएकोले उनीहरु बेरोजगार बस्न नपर्ने अध्यक्ष गुरुङको भनाई छ। विश्वबिद्यालयका कार्यक्रमलाई सिफ्ट, समय र प्रविधिले कतिपय बिद्यार्थीहरुको मागलाई सम्बोधन गर्न नसकेको अबस्थामा कलेजले त्यसलाई उचित ढंगले व्यबस्थापन गर्ने र बिद्यार्थीहरुको लागि उचित ढंगले पठन पाठनको व्यबस्था गर्ने भएको कलेजका एकेडेमीक प्रमुख अनिल अर्यालले बताए। बिद्यार्थीहरु भौतिक रुपमा कक्षामा उपस्थित हुन नसकेको खण्डमा समेत स्मार्ट प्रविधिको प्रयोगमा कक्षा लिन सकिने भएको उनले जनाए। बैंक, वित्तिय संस्था नेपाल सरकारका कर्मचारी, कुनै फार्म वा व्यावसायमा संलग्न भएकहरुको लागि उपयुक्त समयमा बेलुका कक्षा संचालन गरिने भएको प्रमुख अर्यालले बताए। बेलुका कक्षा संचालन गरिने भएकोले आफुहरुले अपेक्षा गरे भन्दा बढीको माग हुने उनले विश्वास व्यक्त गरे। उच्च शिक्षा र मास्टर्ससम्मको शिक्षा हासिल गर्न विदेशीने युवाहरुलाई स्वदेशमै अन्तराष्ट्रिय स्तरको शिक्षा दिने उद्धेश्यले आफुहरुले सानो प्रयास गरिएको अध्यक्ष गुरुङले बताए। कलेजले मलेसिया, चाइना, दुबई लगायतका देशहरुमा समेत इन्टनशिप गर्ने गरेको कलेजकी संस्थापक पम्फा गुरुङले बताइन्। दुई बर्षीय उक्त कोर्ष पूरा गर्न करिब ४ लाख ६५ हजार शुल्क लाग्ने भएको छ भने २५ हजार रुपैया धरौटी स्वरुप उक्त कोर्ष सकिए लगतै फिर्ता हुने भएको छ। कार्यक्रममा बोल्दै प्रा.डा.यादव शर्मा गौडेलले नेपालमा अन्तराष्ट्रिय स्तरको पठन पाठन गर्न सके शिक्षाको नाममा विदेशीने नेपालको ठुलो रकम स्वदेशमै खर्च हुने बताए। सुरुमा केही लगानी बढी भए पनि पछि यसको प्रभाव सकरात्मक हुने उनले जनाए।

उक्त कलेजको आफ्नै भवन, पर्याप्त खेलमैदान, समय समयमा विज्ञहरुको आगमन हुने भएको कलेजका वोर्ड सदस्य डा. भिमनाथ बरालले बताए। २०३९ सालमा पोखरा १ बगरबाट लिटिल स्टेप बिद्यालयको शुभारम्भ भएको स्मरण गर्दै अध्यक्ष शेर बहादुर गुरुङले २०५५/०५६ मा प्लस टु तर्फ विज्ञान र व्यबस्थापन बिषयको कक्षा संचालन गरेसंगै २०६४ सालबाट होटल म्यानेजमेन्टको समेत पठन पाठन हुदै आएको बताए। विश्व व्यापीकरणले गर्दा मलेसियाको लिङ्कन विश्वबिद्यालयबाट सम्बन्धन लिई उक्त कलेजले सन् २०१२ देखि स्नातकतहमा वि.वि.ए र वि. एच. एम. को पठन पाठन गर्दै आएको छ।

# सुमन देवकोटाको अध्यक्षतामा गण्डकी प्रदेश ट्रायथोलन संघ गठन

पोखरापत्र संवाददाता
पोखरा, १९ चैत

नेपाल ट्रायथोलन सङ्घ गण्डकी प्रदेश समितिको अध्यक्षमा सुमन देवकोटा सर्वसम्मत चयन हुनुभएको छ। पोखरामा आइतबार भएको भेलाले देवकोटाको अध्यक्षतामा नौ सदस्सीय समिति गठन गर्दै पहिलो पटक नेपाल ट्रायथोलन सङ्घको प्रदेश समिति गठन गरेको हो। अध्यक्षमा चयन हुनुभएका देवकोटा यसअघि संघको कास्की अध्यक्ष हुनुहुन्थ्यो। देवकोटा कास्की जिल्ला खेलकुद विकास समितिको पूर्वअध्यक्ष समेत हुनुहुन्छ। नवनिर्वाचित अध्यक्ष देवकोटाले गण्डकीमा ट्रायथोलन खेलको विकास, विस्तार र नयाँ खेलाडी उत्पादनमा संघले काम गर्ने प्रतिवद्धता जनाउनुभयो। यसैगरी संघको उपाध्यक्षमा डिल्लीराज सुवेदी, सचिव विरेन शेरचन, सहसचिव अनिता रानाभाट र कोषाध्यक्षमा डिमबहादुर(देवेन्द्र) केसी सर्वसम्मत चयन हुनुभयो। यसैगरी समितिको सदस्यहरुमा कृष्ण दवाडी, प्रमिश ताम्राकार, धनन्जय वाग्ले, सविना महर्जन र उज्वल शर्मा रहनुभएको छ।

नेपाल ट्रायथोलन संघका केन्द्रीय उपाध्यक्ष एवं गण्डकी प्रदेशका निर्वतमान प्रदेशसभा सदस्य दीपक कोइरालाको अध्यक्षतामा भएको भेलाले प्रदेश समिति निर्वाचित गरेको हो। कार्यक्रममा प्रमुख अतिथि नेपाल ट्रायथोलन संघका केन्द्रीय अध्यक्ष एवं नेपाल ओलम्पिक कमिटीका महासचिव निलेन्द्रराज श्रेष्ठले देशको संघीय संरचना र पछिल्लो पटक लागू गरिएको खेलकुद विकास ऐन अनुसार गठन गरिएको पहिलो प्रादेशिक समितिले आफ्नो काम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने विश्वास व्यक्त गर्नुभयो।

जिल्ला खेलकुदमा सुमन देवकोटाले नेतृत्व लिँदा खेल क्षेत्रले कोल्टे फेरेको स्मरण गर्दै गण्डकी प्रदेशमा ट्रायथोलन खेल विस्तारमा नवगठित समिति सक्षम हुने विश्वास व्यक्त गर्नुभयो। पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगीले पोखरा ट्रायथोलनका लागि देशकै हब बन्न सक्ने बताउनुभयो। नवनिर्वाचित संघलाई जिल्ला खेलकुद विकास समिति कास्कीका कार्यालय प्रमुख डिबी नेपाली, गण्डकी प्रदेश भलिबल संघका कार्यबाहक अध्यक्ष हरिकुमार श्रेष्ठ लगायतले शुभकामना व्यक्त गर्नुभएको थियो।

# श्री भद्रकाली माध्यमिक विद्यालय

## कुँडहर, पोखरा-१३

## लिलाम बढाबढको सूचना !!!

**दोस्रो पटक प्रकाशन मितिः २०७९/१२/२० गते सोमबार**

यस भद्रकाली माध्यमिक विद्यालय कुँडहर, पोखरा-१३ मा मौज्दातमा रहेका प्रयोगमा ल्याउन नसकिने, काठ तथा फलामका डेक्स, बेन्च, काठ तथा फलामका झ्याल ढोका तथा टिनका पाता साथै फलामका टुक्राहरू लगायतका कवाडीका सामानहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बढाबढमा विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। उक्त सामानहरू खरिद गरी लैजान चाहने ईच्छुक व्यक्ति, एवं मू.अ.कर र पानमा दर्ता भएका कम्पनी र संघसंस्थाले यो सूचना प्रकाशित मितिले ८औं दिनभित्र गोप्य शिलबन्दी गरी सामानको दररेट खुलाई विद्यालयमा पेश गर्नुहुन जानकारी लागि यो सूचना सूचित गरिएको छ। यस सूचना तथा बोलपत्र फारममा नतोकिएका अन्य सर्तहरू प्रचलित कानुन बमोजिम हुनेछ।

तपशिलः

| सि.नं. | सूचना नं. | सामाग्रीको नाम | संख्या | कैफियत |
|---|---|---|---|---|
| ०१ | २०७९/८०/०२ | सिङ्गल बेन्च काठको | ६ | |
| ०२ | | टिनको ढोका | ४ | |
| ०३ | | काठ फलामको डेक्स बेन्च | ३० | |
| ०४ | | फलामको झ्याल | ४ | |
| ०५ | | झ्याल काठको | ३ | |
| ०६ | | टिन, फलाम, काठ, पलास्टिक आदिका टुक्राहरू | | |

पुनश्चः माथि उल्लेखित सामानको न्यूनतम मूल्य १,००,०००/-(अक्षेरपि एक लाख मात्र) तोकिएको छ। साथै सामान हेर्न वा थप कुराहरू बुझ्नु परेमा विद्यालयको समयभित्र विद्यालय प्रशासनमा सम्पर्क राख्न सक्नु हुनेछ।

प्रधानाध्यापक
सम्पर्क फोनः ०६१-५-३३७८७


# लिटिल स्टेप मा.वि.मा

LOVE • KNOWLEDGE • SERVICE

40th Anniversary & Agoing with Aglow 2039 2079

## मन्टेश्वरीदेखि कक्षा ९ सम्म भर्ना खुल्यो !

**भर्ना कार्यक्रम**

- Play Group, Nursery तथा K.G. कक्षामा भर्ना चलिरहेको छ।
- कक्षा १ देखि ९ सम्मको भर्ना फारम वितरण भइरहेको छ।
- प्रवेश परीक्षाः चैत्र २४ गते। समयः ११ बजे
- विषयः विज्ञान, गणित र अंग्रेजी
- भर्ना कार्यक्रमः २०७९ चैत २६ गतेदेखि
- नयाँ शैक्षिक सत्र २०८० : वैशाख ५ गते

**विशेषता**

- मन्टेश्वरी विधिद्वारा अध्यापन।
- विज्ञान, कम्प्युटर ल्याब तथा पुस्तकालयमा वाइफाई-इन्टरनेटको सुविधा।
- छात्रवृत्तिको व्यवस्था।
- शान्त शैक्षिक वातावरण, विभिन्न खेलका लागि पर्याप्त खेलमैदान।
- अतिरिक्त क्रियाकलापको लागि दुईवटा इन्डोर र आउटडोर सहितको विशाल अडिटोरियम हल।
- बस तथा होस्टेलको पनि सुविधा।

सिमलचौर, पोखरा - ८, फोन ०६१-५७५०१३, ५५२७९६

# प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# सहकारीको नियमन गर

अन्तर्राष्ट्रिय जगतमा १७९ वर्षअघि सुरु भएको आधुनिक सहकारी अभियान नेपालमा यस वर्षबाट ६६औं वर्षमा प्रवेश गरेको छ । छोटो इतिहास बोकेको भएपनि नेपालको सहकारी अभियानले छोटो समयमै महत्वपूर्ण फड्को मार्न सफल भएको छ । सहकारी जसरी फैलिएको छ त्यसैगरी समस्यामा परेका छन । सहकारीको नियमन प्रणाली राम्रो नहुँदा बचतकर्ता डुब्ने र संचालक कुम्ल्याएर भाग्ने अवस्था देखापरेको छ।सहकारी ऐन २०४८ जारी हुँदासम्म ८ सय ३० संख्यामा रहेका सहकारी संस्था ३४ हजारभन्दा बढी पुगेका छन् । नेपालको संविधानमै आर्थिक विकासको आधारशिलाका रूपमा सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई महत्त्व दिइएको छ। वि.सं. २०१३ सालमा चितवनमा स्थापना भएको वखान ऋण सहकारी ६६ वर्ष भएको छ । नेपालको सहकारी आन्दोलनलाई अगाडी बढाउन वखान सहकारीले मार्गदर्शन गरेको छ ।

विश्वमा सहकारी अभियानको प्रारम्भ १८ औं शताब्दीको औधोगिक क्रान्तिको परिणामबाट शुरु भएको हो । सन् १८४४ मा बेलायतमा पाउरोटी कारखाना खोलेर सहकारीको नयाँ अध्याय शुरु भएको मानिन्छ। नेपालमा २०१० सालमा योजना तथा विकास मन्त्रालय अन्तर्गत सहकारी विभाग राखिएको थियो । २०१३ साल चैत्र २० गते चितवनमा बखान ऋण सहकारी स्थापना भयो । चितवनको बखान सहकारीले मान्यता पाएकै दिनलाई सहकारी दिवस मनाउन थालिएको छ। ६६ औं सहकारी दिवसको नारा 'सहकारीको दिगोपना ,स्वनियमन र सुशासन' रहेको छाखहरे झै आउने चाँडै भाग्ने नियमन नहुँदाको कारण हो ।सहकारीको मर्म र मान्यता नबुझ्केकाले बचत कर्ता र सदस्य मतलब नगरी निजी सम्पत्ति ठान्नेले सुशासनको मन्त्र जप्न छाडेका छन। नारालाई कार्यान्वयनमा ल्याउनु सहज छैन । अहिले नियमन र सुशासन विना सहकारीको दिगो हुदैन। नेपालमा १३ वटा नीतिमा टेकेर सहकारी संचालन भएका छन । १८ विषयगत रुपमा दर्ता भएका सहकारी जसरी बढेका छन अब एउटै उदेश्य भएकाहरु मर्जर हुनुपर्छ । ३४ हजार भन्दा बढी रहेका सहकारीलाई १५ हजारमा झार्ने लक्ष्य छ । एक ठाउँमा सदस्य भयो । ऋण लियो । तिर्न नसकेपछि अर्को सहकारीमा जाने प्रबृत्ति छ। यसलाई नियन्त्रण नगर्ने हो भने दुर्घटनामा पर्न सक्छ ।

छरिएर रहेको पूजीलाई एकिकृत गर्दै आर्थिक उपार्जनका काममा प्रयोग गर्न सहकारी प्रभावकारी बन्दै गएको छ । समाजका विभिन्न क्षेत्रका व्यक्तिहरुले आफ्नो समुदाय र वर्गका श्रम, पूजी र सीपलाई अधिकतम रुपमा परिचालिन गरी सदस्यको आवश्यकता परिपूर्ती गरी आर्थिक हित र उन्नतीका लागि व्यवसायीक क्रियाकलाप सहकारीले संचालन गर्दै आएकोछ। प्रजातान्त्रिक प्रणालीका आधारमा सहकारी संचालन मात्र भएको छैन प्रजातान्त्रिक अभ्यास पनि हुदैं आएको छ। सहकार्यको भावनाबाट संचालन हुने हुँदा सबै सदस्यको सहकारी तर्फ आर्कषण बढ्दै गएको छ। नेपालमा सहकारीलाई व्यवस्थित रुपमा संचालन गर्नु भन्दा शासन प्रणाली अनुरुप चलाउन खोजियो । कहिले सहकारी, कहिले साझा, कहिले कृषि विकास बैंक, कहिले साना किसान अर्न्तगत चलाउने काम भयो । २०४८ मा सहकारी ऐन बनेपछि बल्ल व्यवस्थित रुपमा चलाउन थालिएको छ । संविधानले नै सहकारीलाई आर्थिक मेरुडण्डको एउटा आधार मानेको हुँदा व्यवस्थित रुपले संचालन गर्न कानुन संसोधन गरेर अधिकार पालिका तहसम्म संचालन गर्न थालिएको छ । नेपालमा सहकारीले दुर्गम र ग्रामीण क्षेत्रका जनतालाई आर्थिक गतिविधि गर्ने अवसर दिएको छ। बैंक तथा बित्तीय संस्थामा पुग्न नसकेको ठाउँमा सहकारी पुगेको छ। संबिधानले सहकारीलाई आर्थिक मेरुदण्डको रुपमा स्वीकार गरेको । राज्य, निजी क्षेत्र र सहकारी तीन क्षेत्रको मध्यामबाट देशको आर्थिक समृद्धि हासिल गर्न सकिने मान्यता लिएको छ । सहकारीमा जनताको आर्कषण बढे संगै यसलाई व्यवस्थित गर्न ऐनमा परिमार्जन गरिएको छ। सहकारीको कार्य क्षेत्र संघ (केन्द्र) प्रदेश र स्थानीय सरकारले कानुन बनाएर नियमन गर्दैछ । स्थानीय तहले बनाएका नियम सहकारी मैत्री हुन नसकेको गुनासो अभियन्ताको छ । सहकारीको मुल्य र मान्यता बिपरीत गएर नियन्त्रण गर्ने सोच राख्नु सहकारीलाई अघि बढ्न नदिनु हो ।

सहकारी अभियन्ता र अरुले पनि सहकारीका नाममा बैंक तथा बित्तीय सस्थाले जस्तै काम गर्न पाउनुपर्छ भन्ने मान्यता राख्नुहुदैन । सहकारीको मूल्य र मान्यातामा आघात नपुग्ने गरी जनताको रकम डुब्न नदिने व्यवस्था भएमा सहकारी अभियानले सार्थकता पाउने छ । सहकारी दिवस मनाईरहदा सहकारीलाई कसरी जनताको रकम नडुब्ने र आर्थिक गतिविधिमा संलग्न गराउने नीति बनेमा मात्र सहकारीको शक्ति र महत्व बढेर जानेछ। बचत संकलनमा गरिबकोमा पुग्ने, ऋण लगानी गर्दा धनीलाई जोड दिने परिपाटी हटाउनुपर्दछ। हिजोका साहु र बैंकले जस्तै सहकारीले पनि धेरै व्याज खाने प्रणाली रहेसम्म गरिब गरिबनै रहने अवस्था रहन्छ। स्थानीय र प्रदेशले राम्रोसँग नियमन गरेमा सहकारीमा देखिएको विकृति हटाउन सकिन्छ । प्रबिधिको उच्चतम प्रयोग गरेर सहकारीलाई सबल बनाउँदै सही बाटोमा हिडाउन सकिनेछ। यश वर्षको नारा 'सहकारीको दिगोपना, स्वनियमन र सुशासन' कडाइका साथ कार्यान्वयन हुन सकेमा सहकारी माथि उठेका आशंका हटेर जानेछ ।



कमलपोखरीको सरसफाइः ६६औं राष्ट्रिय सहकारी दिवसको अवसरमा जिल्ला सहकारी संघ लि. द्धारा आव्हान गरिएको सरसफाई कार्यक्रम अन्तर्गत कमालपोखरी बचत तथा ऋण सहकारी संस्था लि.ले आइतवार आफ्नो कार्यालय परिसर वरिपरि सरसफाइ गरेको छ। सरसफाइमा कमलपोखरीका कर्मचारी, संचालक समितिका सदस्य र शुभचिन्तकहरुको उपस्थिति रहेको थियो ।

# लायन्स क्लब पोखरा ब्लु स्काईको अध्यक्षमा दिपकराज अधिकारी निर्वाचित

पोखरापत्र संवाददाता
पोखरा, १९ चैत

लायन्स क्लब अफ पोखरा ब्लु स्काईको वर्ष २०२३/२४ को अध्यक्षमा दिपकराज अधिकारी निर्वाचित भएका छन् । शनिबार पोखरामा भएको निर्वाचनमा लायन वर्ष २०२३/२४ का लागि अध्यक्षमा दिपकराज अधिकारी निर्वाचित भएका हुन् ।

त्यसैगरि प्रथम उपाध्यक्षमा कुष्ण सुवेदी, द्धितीय उपाध्यक्षमा दिपकराज गिरी, तृत्तिय उपाध्यक्षमा बिन्दु शर्मा पराजुली, सचिवमा बिरेन्द्र पौडेल, व्यवस्थापकमा लालकान्त चापाई, कोषाध्यक्षमा लोककुमारी क्षेत्री, सहसचिवमा राजु पौडेल र सहकोषाध्यक्षमा निर्मल प्रसाद पौडेल चयन भए । त्यस्तै क्लब मेम्बरसिप तथा उत्सव कार्यक्रम चियर पर्सनमा रञ्जु गुरुङ, आइसिटी तथा रिपोर्टीङ अफिसरमा बामदेव भण्डारी, प्रिन्टीङ एण्ड पब्लिकेसन संयोजकमा विश्वराज पौडेल, एलसिआइएफ संयोजकमा सोबिता सुवेदी, फण्डराइजर कोअर्डिनेटरमा सरिता सिग्देल, क्लब सर्भिस चियरपर्सनमा सञ्जय लम्साल, क्लब मार्केटिङ कम्युनिकेशन चियर पर्सनमा राजनराज सुवेदी, कार्यक्रम योजना संयोजकमा रामहरी तिवारी, पब्लिक रिलेसन तथा कल्चर अफिसरमा रामजी पौडेल, मिडिया संयोजकमा राजु गिरी, स्पेशल इभेण्ट कोअर्डिनेटरमा हेम्प्रेन्द्र भारती, टिमरमा इश्वरी जिसी, टेल ट्विस्टरमा रमेश बराल, प्रोजेक्ट चियरपर्सनमा सरिता गुरुङ चयन भए । त्यसैगरि क्लब डिरेक्टरमा दिपेन्द्र पोखरेल, भरतमणी पराजुली, दलकुमारी थापा, लक्ष्मी गुरुङ, कमला पुरी र सुक बहादुर घले चयन भए ।

कार्यक्रमका प्रमुख अतिथि लायन्स क्लब अफ पोखरा ब्लु स्काईका एक्सूटेन्सन चियरपर्सन बिकास भुर्तेलले क्लबको सिद्धान्त अनुसार समाजमा सेवा गर्न आग्रह गरे । उनले सेवा नै धर्म भन्दै सेवामुखि कार्य गरेर ब्लु स्काई लाई अझ माथी लैजादै वर्ष २०२३/२४ का टिमलाई बधाई ज्ञापन समेत गरे। क्लबका वर्तमान अध्यक्ष कमल सुवेदीले क्लबले सेवा, नेतृत्व र भाइचारालाई महत्व दिँदै अगाडी बढिरहेको जानकारी दिए । साथै उनले क्लबले गरेका समाजसेवाका कार्यहरु समेत प्रस्तुत गरेका थिए । वर्ष २०२३/२४ का लागि निर्वाचित टिमले आउँदो जुलाई १ देखि १ वर्षका लागि रहनेछ । कार्यक्रम सञ्चालन क्लबकी सचिव विन्दु शर्मा पराजुलीले गरेकी थिइन् ।


# लायन्स क्लब पोखरा ब्लु स्काईको अध्यक्षमा दिपकराज अधिकारी निर्वाचित

पोखरापत्र संवाददाता
पोखरा, १९ चैत

लायन्स क्लब अफ पोखरा ब्लु स्काईको वर्ष २०२३/२४ को अध्यक्षमा दिपकराज अधिकारी निर्वाचित भएका छन् । शनिबार पोखरामा भएको निर्वाचनमा लायन वर्ष २०२३/२४ का लागि अध्यक्षमा दिपकराज अधिकारी निर्वाचित भएका हुन् ।

त्यसैगरि प्रथम उपाध्यक्षमा कुष्ण सुवेदी, द्धितीय उपाध्यक्षमा दिपकराज गिरी, तृत्तिय उपाध्यक्षमा बिन्दु शर्मा पराजुली, सचिवमा बिरेन्द्र पौडेल, व्यवस्थापकमा लालकान्त चापाई, कोषाध्यक्षमा लोककुमारी क्षेत्री, सहसचिवमा राजु पौडेल र सहकोषाध्यक्षमा निर्मल प्रसाद पौडेल चयन भए । त्यस्तै क्लब मेम्बरसिप तथा उत्सव कार्यक्रम चियर पर्सनमा रञ्जु गुरुङ, आइसिटी तथा रिपोर्टीङ अफिसरमा बामदेव भण्डारी, प्रिन्टीङ एण्ड पब्लिकेसन संयोजकमा विश्वराज पौडेल, एलसिआइएफ संयोजकमा सोबिता सुवेदी, फण्डराइजर कोअर्डिनेटरमा सरिता सिग्देल, क्लब सर्भिस चियरपर्सनमा सञ्जय लम्साल, क्लब मार्केटिङ कम्युनिकेशन चियर पर्सनमा राजनराज सुवेदी, कार्यक्रम योजना संयोजकमा रामहरी तिवारी, पब्लिक रिलेसन तथा कल्चर अफिसरमा रामजी पौडेल, मिडिया संयोजकमा राजु गिरी, स्पेशल इभेण्ट कोअर्डिनेटरमा हेम्प्रेन्द्र भारती, टिमरमा इश्वरी जिसी, टेल ट्विस्टरमा रमेश बराल, प्रोजेक्ट चियरपर्सनमा सरिता गुरुङ चयन भए । त्यसैगरि क्लब डिरेक्टरमा दिपेन्द्र पोखरेल, भरतमणी पराजुली, दलकुमारी थापा, लक्ष्मी गुरुङ, कमला पुरी र सुक बहादुर घले चयन भए ।

कार्यक्रमका प्रमुख अतिथि लायन्स क्लब अफ पोखरा ब्लु स्काईका एक्सूटेन्सन चियरपर्सन बिकास भुर्तेलले क्लबको सिद्धान्त अनुसार समाजमा सेवा गर्न आग्रह गरे । उनले सेवा नै धर्म भन्दै सेवामुखि कार्य गरेर ब्लु स्काई लाई अझ माथी लैजादै वर्ष २०२३/२४ का टिमलाई बधाई ज्ञापन समेत गरे। क्लबका वर्तमान अध्यक्ष कमल सुवेदीले क्लबले सेवा, नेतृत्व र भाइचारालाई महत्व दिँदै अगाडी बढिरहेको जानकारी दिए । साथै उनले क्लबले गरेका समाजसेवाका कार्यहरु समेत प्रस्तुत गरेका थिए । वर्ष २०२३/२४ का लागि निर्वाचित टिमले आउँदो जुलाई १ देखि १ वर्षका लागि रहनेछ । कार्यक्रम सञ्चालन क्लबकी सचिव विन्दु शर्मा पराजुलीले गरेकी थिइन् ।


# सामुदायिक शैक्षिक संस्था समुदायको पहिचान

पोखरापत्र संवाददाता
पोखरा, १९ चैत

पोखरा बहुमुखी क्याम्पसद्वारा पोखरामा आयोजित क्याम्पस र समुदायबीचको छलफल एवं अन्तर्क्रियामा सामुदायिक शैक्षिक संस्था समुदायको पहिचान भएकामा जोड दिइएको छ।

सामुदायिक शैक्षिक संस्थालाई समुदायको सहयोग अपरिहार्य हुने बताउँदै वक्ताहरूले सामुदायिक संस्थाको महत्व नबुझ्दा समस्या पर्ने गरेको बताए । टोल संस्था विकास समन्वय समितिका अध्यक्ष उत्तम जोशीले क्याम्पस सञ्चालक समिति, समुदाय, क्याम्पस प्रशासन, शिक्षक र विद्यार्थी सबैको सहभागितामा सामुदायिक शैक्षिक संस्थाले गति लिने बताउनुभयो । गुणस्तरीय र सङ्ख्यात्मकमा मात्र नभई असल संस्कार प्रदान गर्नेतर्फ सामुदायिक शैक्षिक संस्था लाग्नुपर्ने उल्लेख गर्दै उहाँले पछिल्लो पुस्ता संस्कारका सिकाइबाट बिमुख हुँदै गएको बताउनुभयो । बाँस्तोलाथर टोल विकास संस्थाका प्रकाश बाँस्तोलाले सामुदायिक क्याम्पसप्रति समुदायको ध्यान तान्न जरुरी रहेको जनाउँदै सस्तो शुल्कमा गुणस्तरीय शिक्षा दिने हो भने सामुदायिक शैक्षिक संस्था अब्बल हुँदै जाने धारणा राख्नुभयो । जनकल्याण महिला समूहकी अध्यक्ष विमला परियारले छोराछोरीलाई पढ्न पठाएर मात्र अभिभावकको कर्तव्य पूरा नहुने बताउँदै उनीहरूको पढाइको अवस्थासँगै शिक्षकको अध्यापन शैलीबारे चासो दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल पत्रकार महासङ्घ कास्कीका पूर्वअध्यक्ष दीपेन्द्र श्रेष्ठले शैक्षिक संस्था र समुदायबीच नङ र मासुको जस्तो सम्बन्ध हुनुपर्ने जनाउँदै सामुदायिक संस्थालाई समुदायको स्वामित्व चाहिनेमा जोड दिनुभयो । पोखरा बहुमुखी क्याम्पस सञ्चालक समिति अध्यक्ष नरेन्द्रमान लालचनले समुदायको सद्भावमा मात्र सामुदायिक सम्पत्तिको जगेर्ना हुने बताउनुभयो।

# अष्ट्रेलियाका महिला उद्यमीद्धारा पद्मावती हस्तकला उद्योगको अवलोकन

पोखरापत्र संवाददाता
पोखरा, १९ चैत

अष्ट्रेलियाका महिला उद्यमीले पोखरा राष्ट्रबैंक स्थित पद्मावती हस्तकला उद्योगको अवलोकन गरेर सीपका बारेमा जानकारी लिएका छन् ।

अष्ट्रेलियाको फेयर ट्रेड डाउनअण्डरका संचालक रोज जमिसन, जिलियन कुले, क्यारोलेन डान्स सहित आएको सातजनाको टोलिले हस्तकला सामग्रीको बारेमा जानकारी लिएका हुन्। अवलोकनको क्रममा क्यारोलेन डान्सले नेपालका महिला सृजनात्मक, निकै मेहनती लागेको बताइन् । उनले भनिन् "हामीले पोखराका केही हस्तकला उद्योगको अवलोकन गर्‍यौ, यहाँका महिला निकै सृजनात्मक मेहनती हुनुहुँदोरहेछ, खेर जाने सामानहरुको उच्चतम तरीकाले सदुपयोग गरेर निकै आकर्षक सामग्री बनाएको पायौं । " उनले चाउचाउ विस्कुटको खोल, मकै खोस्टा, गहुँको नल, बाबियाबाट बनेका झोला, मोडा, म्याट लगायतका सामग्री निकै आर्कषक लागेको बताइन् ।

यसैगरी अर्का उद्यमी जिलियनले कुलेले अष्ट्रेलियामा विशेष गरी घरमा सजाउन बढी मात्रमा हस्तकलाका सामग्री प्रयोग हुने जानकारी दिइन् । उनले अरुहरुको सहयोगको लागि हस्तकला उद्योग खोलेको जानकारी दिदै आफ्नो देशमा निकै सिमित महिला मात्र हस्तकलामा रुची राख्ने र अरु पेशा व्यवसाय गर्ने महिला बढी भएको जानकारी दिइन् । उनले केही हात र केही प्रविधिको प्रयोग गरेर सामान उत्पादन गर्ने जुन बढी मात्रामा घर सजावटका लागि प्रयोग हुँदै आएको उनको भनाइ थियो । पद्मावती हस्तकला उद्योग महिला उद्यमी हिरा भट्टराईले २०६३ सालमा पोखराको राष्ट्रबैंक चोकमा स्थापना गरेकी हुन् । यस उद्योगबाट बाबिया, मकैको खोस्टा, गहुँको नल, जलकुम्भि, ऊनी धागो, बाँसका चोया, फ्रेब्रिक लगायतका कच्चा पदार्थबाट झण्डै ५० बढी प्रकारका सामग्री उत्पादन हुने भट्टराईले जानकारी दिइन्। उनका अनुसार उद्योगबाट उत्पादित हस्तकलाका सामग्री र देशका विभिन्न जिल्लाबाट उत्पादन भएका सामग्री 'नेपाल कोसेली घर' बाट बिक्री वितरण हुँदै आएको छ । विशेषगरी मकैको खोस्टाबाट बनेका मोडा आन्तरिक तथा बाह्य पर्यटकले बढी मन पराउने गरेका छन् । उद्योगमा ४ जना प्रत्यक्ष र करिब १५ जनाले अप्रत्यक्ष रुपमा रोजगारी पाएका छन् । कच्चा पदार्थ लगेर घरघरमा साग्रगी तयार गरेर महिलाले ल्याउने गर्छन । सामानको उत्पादन हेरेर सोही अनुसारको ज्याला दिने गरेको उनको भनाइ छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १० दुची टोल बाटो ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नामः दुचीटोल बाटो ढलान
स्थानः पोखरा–१०, दुचीटोल, कास्की
योजना सम्झौता मिति : २०७९/११/०४ गते
योजना सम्पन्न मितिः २०७९/१२/१० गते
योजनाको कुल लागत : रु. १३,३३,८६४ ।–
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१२,००,००० ।–
जन सहभागितावाट : रु.१,३३,८६४ ।–
उपभोक्ता समिति अध्यक्षः डा. महेन्द्र बहादुर कार्की
सचिवः धन बहादुर सुनार कोषाध्यक्षः मन मायाँ नेपाली
अनुगमन समिति संयोजकः वडा सदस्य एवम् संयोजकः सुनीमायाँ नेपाली
विशेष अनुगमन तथा सल्लाहकारः टोल विकास अध्यक्ष किरण प्रसाद भट्टचन

**दुचीटोल बाटो ढलान निर्माण उपभोक्ता समिति**
**पोखरा-१०, दुचीटोल**



## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २२, पुम्दीभुम्दी कालाबाङ घरेडी गाउँको सिरान चक्रहाल्ने डाँडामा बुद्ध पार्क वनाउने सिलसिलामा बुद्धको मुर्ति राख्ने आधारवेस निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : पुम्दीभुम्दी पर्यटन पूर्वाधार निर्माण
**उपभोक्ता समिति**: पुम्दीभुम्दी पर्यटन पूर्वाधार निर्माण उपभोक्ता समिति, पोखरा-२२, पुम्दीभुम्दी
**सम्झौता मिति** : २०७९/८/२१ गते
**योजना सुरु मिति** : २०७९/८/२२ गते
**योजना सम्पन्न हुने मिति** : २०८०/०१/३० गते
**योजना सम्पन्न भएको मिति** : २०७९/१२/१५ गते
**योजनाको कुल लागत** : रु. २३,५३,२३०/-
**महानगरपालिकाबाट प्राप्त** : रु. २०,००,०००/-
**जन श्रमदानबाट** : रु. ३५३२३०/-

**याम बहादुर गुरुङ**
अध्यक्ष
**पुम्दीभुम्दी पर्यटन पूर्वाधार निर्माण उपभोक्ता समिति**
पोखरा-२२, पुम्दीभुम्दी, कास्की


## तपाईको आज

| | | | | |
|---|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : | झमेला बड्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : | कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : | मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : | सहयोग मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : | सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : | सम्मान मिल्नेछ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# अनुभव आदान प्रदान गर्न गण्डकी प्रदेश सभाको टोली लुम्बिनीमा

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत

गण्डकी प्रदेश र लुम्बिनी प्रदेशवीच अन्तर प्रदेश अनुभव आदानप्रदान तथा अन्तर्क्रिया कार्यक्रम लुम्बिनी प्रदेशको राजधानी दाङको राप्ती उपत्यका (देउखुरी)मा सम्पन्न भएको छ।



गण्डकी प्रदेश सभाका सभामुख माननीय कृष्ण धिताल र उपसभामुख माननीय बिना कुमारी थापा, उप सचिव प्रेम सुबेदी लगायतको टोली अन्तर प्रदेश अनुभव आदान प्रदानको लागी आईतबार देउखुरी पुग्नुभएको थियो। गण्डकी प्रदेशका सभामुख माननीय कृष्ण प्रसाद धितालले संघीयता पछिको पहिलो अभ्यास नै प्रदेश सभा भएकाले यसलाई व्यवस्थित गर्नु नै प्रमुख दायित्व भएको बताउनु भएको छ। प्रदेश सधै केन्द्रको छायाँमा रहने गरेको बताउँलै धितालले यसलाई स्वायत्त बनाउन हरेक प्रदेश लाग्नुपर्नेमा जोड दिनुभयो। गण्डकी प्रदेशमा पनि कर्मचारी अभाव र केही नीतिगत ऐन कानुनको अभाव रहेको बताउँदै आवश्यक कानुन बनाउन प्रदेशले कुनै कसर बाँकी राख्न नहुने बताउनुभयो। गौतम बुद्धको जन्मभूमी लुम्बिनीबाटै आफूहरुले कार्यक्रम सुरु गरेको बताउँदै यो सहकार्य र अन्तरक्रियाले गण्डकी प्रदेशलाई थप उर्जा थपेको बताउनुभयो। ऐन कानुन बनाउन दुबै प्रदेशले सहकार्य गर्न र बिकास निर्माण देखी अनुभवलाई समेत दिएर काम गर्न सकिने र नमुना प्रदेश बनाउन यसले भूमीका खेल्ने बिश्वास समेत उहाँले गर्नुभयो। ऐन कानुन मात्र बनाएर पूर्ण नहुने हुँदा त्यसलाई लागु गर्न पनि प्रदेश सरकार उत्तिकै जिम्मेवारी हुन्छ, त्यसको लागी पनि सरकार सशक्त रुपले लाग्नु पर्छ। समाज जस्तै सदन पनि गतिशिल हुनपर्छ भन्दै सभामुख धितालले अब देशको आर्थिक विकाससंगै बनेका ऐन र कानुनहरु गाउँगाउँमा पुर्याउन र जनचेतना जगाउन समेत जरुरी रहेको बताउनुभयो।

कार्यक्रममा लुम्बिनी प्रदेशका सभामुख माननीय तुलाराम घर्तीमगरले प्रदेश र स्थानीय तहबीच ऐन कानुनको बिषयमा एक आपसमा छलफल हुनुपर्नेमा जोड दिनुभयो। प्रदेशले बनाएको कानुनमा स्थानीय तहहरु संचालन भएको बताउँलै उहाँले भन्नुभयो स्थानीय तहमा बनेका कानुन प्रदेशलाई थाहा छैन र कतिपय तहलाई प्रदेशकै कानुन थाहा छैन। यो अवस्थामा प्रदेश सभासंग स्थानीय तह बिषयक कार्यक्रम नै ल्याएर त्यसबारे स्पष्ट धारणा बनाउनुपर्नेमा उहाँको जोड थियो। कतिपय ऐनहरु अपमानजनक छन्, प्रदेश सांसदलाई अपमान हुने खालका, बेवास्था हुने खालका पनि छन् ती ऐनहरु परिमार्जन हुन जरुरी रहेको उहाँको भनाई थियो। प्रदेश सरकारलाई केन्द्रीय सरकारले खासै चासो नदिएको, एउटा मन्त्रालय जतिको बजेट पनि प्रदेशलाई नदिएको बारे उहाँले गुनासो पोख्नुभयो।

कार्यक्रममा गण्डकी प्रदेशको स्थापना देखी हाल सम्मको गतिबिधीबारे उपसचिव प्रेम सुवेदीले प्रस्तुतीकरण गर्नुभएको थियो। गण्डकी प्रदेशमा हाल सम्म ४ वटा समिति बनेको र ६३ वटा ऐन बनेको बताउनुभयो। प्रदेशको प्रमुख समस्या भनेको जनशक्तिको अभाव रहेको बताउँदै सुवेदी भन्नुहुन्छ, दरबन्दी अनुसारका कर्मचारी पूर्ण नहुनु र भएकाहरु पनि छिटो छिटो सरुवा हुनुले काममा गति दिन सकिएको छैन, सूचना र प्रबिधिको अधिकतम प्रयोग भईरहेको छ भने थप सुधारको लागी कर्मचारी र संसादहरुलाई अभिमुखीकरण आवश्यक रहेको सुवेदीले बताउनुभयो।

कार्यक्रममा लुम्बिनी प्रदेशको तर्फबाट आफ्नो प्रस्तुती राख्दै प्रदेशका सचिव दुलर्भ कुमार पुन मगरले बिगत ५ बर्ष देखी प्रदेशको राजधानीको बिषयमा सबै रुमलिए पनि ७२ वटा बिधयक पारित भएको जानकारी दिनुभयो। ८७ प्रदेश सांसद रहेको लुम्बिनी प्रदेशमा पनि कर्मचारी अभाव रहेकाले यसको परिपुर्तिको लागि संघीय सरकारले पहल गर्नुपर्नेमा जोड दिनुभयो। १० राजनीतिक दलको सहभागीतमा प्रदेश सभामा रहेको बताउँदै सचिव मगरले भन्नुभयो, गण्डकी प्रदेशमा बनेका र भएका ऐन कानुनलाई थप अध्ययन गरि आवश्यकताको आधारमा लुम्बिनी प्रदेशमा पनि थप गर्न सकिने छ। कार्यक्रममा गण्डकी प्रदेशकी उप सभामुख माननीय बिना कुमारी थापा, लुम्बिनी प्रदेशकी उपसभामुख माननीय मेनुका खाँड केसीलगायते आफ्ना धारणा राख्नुभएको थियो। गण्डकी प्रदेश सभाले अन्तर प्रदेश अनुभव आदानप्रदान कार्यक्रम अन्तर्गत मंगलबार कर्णाली प्रदेशमा अन्तरक्रिया कार्यक्रम गर्नेछ।



सरसफाइ तथा भित्तेपात्रो विमोचनः ६६औं राष्ट्रिय सहकारी दिवसको अवसरमा जिल्ला सहकारी संघ लि. द्धारा आव्हान गरिएको सरसफाई कार्यक्रम अन्तर्गत कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.ले आइतवार आफ्नो कार्यालय परिसर वरिपरि सरसफाइ गरेको छ। सरसफाइमा कोनका कर्मचारी, संचालक समितिका सदस्य र विभिन्न उपसमितिका सदस्यहरको सहभागिता रहेको थियो। कार्यक्रममा कोन सहकारीका मानार्थ संरक्षक शरदकान्त सिग्देल, सहकारीका महाप्रवन्धक सुजता हमाल र सहकारीका कार्यवाहक अध्यक्ष माधावप्रसाद सिग्देल र कोन परिवारले संयुक्त युक्त २०८० को क्यालेण्डर विमोचन गरेका थिए। फोटो-पोखरापत्र।

# सामुदायिक सेवा केन्द्र वगरको २० औ वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पोखरा-१ वगरले आइतबार आफ्नो २० औ वार्षिकोत्सव मनाएको छ।



कार्यक्रममा भर्खरै सम्पन्न सामुदायिक सेवा एवम् सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्कीका नयाँ कार्य समितिका पदाधिकारी तथा सदस्यरुलाई सम्मान तथा वधाइ ज्ञापन गरिएको थियो। कार्यक्रममा बोल्दै प्रमुख अतिथि पोखरा महानगर पालिका वडा नं. १ का वडाध्यक्ष साहारा प्रधानले सामुदायिक प्रहरी सेवाले गरेका हरेक कार्यक्र उत्कृष्ट रहेको बताए। वडा प्रहरी कार्यालय वगरका प्रमुख प्रहरी निरीक्षक शालिकराम तिमिल्सिना सामुदायिकले गर्ने हरेक कार्यक्रम आफ्नो कार्यालयको तर्फबाट सहकार्य गर्ने प्रतिवद्धता जनाए।

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरका पूर्व अध्यक्ष तथा सल्लाहकार पुरुषोत्तम श्रेष्ठले हरेक उतार चढावक बीच संस्था यो स्थानमा आएको बताउँदै आगामी दिनमा पनि संस्थाले उल्लेखनियक कार्यक्रमहरु गर्नु पर्ने बताउनुभयो। सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरकी पूर्व अध्यक्ष तथा सल्लााहकार जीवन अधिकारीले समाजमा हुने विकृति विसंगती रोक्नका लागि संस्थाले महत्वपूर्ण भूमिका खेल्नु पर्ने बताइन्। सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरका अध्यक्ष रामप्रसाद अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा निवर्तमान अध्यक्ष रामभूषण पराजुली र सचिव शिवराज अधिकारीले बोलेका थिए। संस्थाले स्थापना काल देखिनै विकृति विसंगती न्यूनिकरणका लागि सचेतना कार्यक्रम आयोजना गर्दै आएको छ।

# जापानी रंगमञ्चमा, नेपाली नाटक

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत

पोखरा स्थित ईन्द्रेणी थिएटरको प्रस्तुती रहेको नाटक इम्ब्रियोनिक जापानमा मञ्चन हुने भएको छ। आउँदो अप्रिल ८ तारिख शनिवार र ९ तारिख आईतवार साँझ जापानको इताबासीमा रहेको सबटेरेनियन थिएटरमा सो नाटक मञ्चन गरिने ईन्द्रेणी थिएटरका अध्यक्ष केदारनाथ पौडेलले जानकारी दिए।



इन्द्रेणी थिएटरको स्थापना बि.सं.२०७६ मा भएको हो। स्थापनाकाल देखि हालसम्म संस्थाले नाटक तथा साहित्यका अन्य बिधाहरुमा विभिन्न कार्यहरू गर्दै आइरहेको छ। स्थानीय, राष्ट्रिय तथा अन्तर ाष्ट्रिय स्तरमा नाटक, कार्यपत्र, खोज अनुसन्धान, चित्रकला, कविता, गजल लगायतको क्षेत्रमा काम गरिरहेको छ भने यहाँका स्थानीय सरकारी निकायहरू, बाङ्मय संस्थाहरू तथा अन्य समान उद्देश्य भएका विभिन्न संस्थाहरूसंग समन्वय गर्दै काम गरिरहेको पौडेलको भनाई छ। मानिसको जीवन यो प्रकृतिको सुन्दर उपहार मध्ये एक हो तर मानिसले बाँच्न नजानेको भान हुन्छ। गर्ने खाने मर्ने जाने यो जीवनको मूल ध्येयलाई भुलेर मानिस आर्जन र सम्पत्ति एकठ्ठामा व्यस्त छन। उनीहरु आफ्नै शरीरका हरेक अङ्गसँग बेखबर छन्। आफ्नै मुटु सँग बेखबर छन जो मानिस भ्रूण देखी मृत्यु शैयामा पुगुन्जेल आफ्नै रफ्तारमा चलिरहेको हुन्छ। यो कलाले मानिसलाई सोच्न बाध्य बनाउने छ। कसरी प्रकृति चलिरहेको छ। यदी मानिस फुल भए के हुन्थ्यो ? मानिस खोला भए के हुन्थ्यो ? मानिस बादल भए के हुन्थ्यो ? मानिस बिउ भए के हुन्थ्यो ? यस्ता अनेक प्रश्नहरू मानिसको दिमागमा उब्जिन्छन् यो जीवन बाँच्ने फरक विल्कुल फरक तरिका तरिका रहेको नाटका निर्देशक र अभिनेता समेत रहेका पौडेलले दावी गरे। यसले मानव विकासक्रम र अन्त्यसम्मको संघर्षगाथा बताइरहेको छ।

म ञ्च म ा पौडेल सँगै, कपिल शर्मा र दिपेन्द्र पौडेलको पनि अभियन हेर्न पाईनेछ। नाटकमा शिवहरि अर्याल र अर्जुन गुरुङ्ले संगीत दिएका छन्। नाटक उत्पादनमा गण्डकी प्रज्ञा प्रतिष्ठानले सहयोग गरेको छ।२०२२ मार्च महिनामा इटालीस्थित पिसामा आयोजित एक कार्यशालामा इटलीसहित युरोप, अमेरिका, अफ्रिका, एसियाका साहित्य, संगीत, रङ्गमञ्चका सम्पूर्ण कला विधाका कलाकार सहभागी भएका थिए। जहाँ एसियाबाट केदार नाथ पौडेलले सहभागिता जनाएका थिए। कला क्षेत्रमा सबै कलाका विधा प्रयोग गरेर केही नौलो प्रस्तुति जन्माउने समूहको उद्देश्य रहेको थियो।

त्यही क्रममा अहिलेको पछिल्लो प्रस्तुति इम्ब्रिओनिक तयार भएको थिएटरले जनाएको छ। यसलाइ २०७९ श्रावण ६ गते ढिकीडाँडा रिसोर्ट, घार्मीमा प्रदर्शन गरिएको थियो। २०७९ असोज १४ गते पोखरा थिएटरमा भएको पोखरा लिटरेचर फेष्टिभलमा यो नाटक प्रदर्शन गरिएको थियो।पोखराका साथै काठमाडौंको मण्डला थिएटरमा भएको नेपाल इण्टरनेशनल थिएटर फेष्टिभलमा पनि यो नाटक भव्य प्रर्दशन भयो। त्यसपछि फरक फरक समयमा गरिएका कार्यशालाहरुले नाटकलाई परिस्कृत गर्दै यसपाली जापान यात्रामा लैजान लागिएको पौडेलले जानकारी दिए।

# दुवाथलन तर्फको उपाधी साउद र स्नेहललाई

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत

नेपाल ट्राइयाथलन संघको आयोजनमा पोखरामा सम्पन्न दुवाथलन तर्फको उपाधी युएईका साउद अलजावी र महिला तर्फको उपाधी भारतकी स्नेहल सुनिल जोशीले हात पारेका छन्।



२०२३ एशियन ट्राईयाथलन कप तथा दक्षिण एशियन च्याम्पियनसिप अन्तरगत भएको दुवाथलन खेलमा साउदले ५ कि.मी. दौड, २० कि.मी. साईक्लिङ्ग र २.५ कि.मी. दौडको दुरी ५९ मिनट २७ सेकेन्ड र जोशीले १ घन्टा १२ मिनट १९ सेकेन्डमा पुरा गर्दै उपाधी जितेका हुन्।

पुरुष तर्फ नेपालका हिमाल टमाटाले ५९ मिनट ४७ सेकेन्ड र बशन्त थारुले १ घन्टा २ मिनट ९ सेकेन्डमा दुरी पुरा गर्दै क्रमशः दोश्रो र तेश्रो स्थान हात पारे। महिला तर्फ भारतकी संजना सुनिल जोशी १ घन्टा १३ मिनट २५ सेकेन्ड समयका साथ दोश्रो र नेपालकी हुमी बुढा मगर १ घन्टा १४ मिनट ३० सेकेन्ड समयका साथ तेश्रो भए।

बिजयी खेलाडीहरुलाई पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, पूर्व गण्डकी प्रदेश साँसद दीपक कोईराला, नेपाल ओलम्पिक कमिटिका महासचिव एवं ट्राईयाथलन संघका अध्यक्ष निलेन्द्र राज श्रेष्ठ, कास्की जिल्ला खेलकुद विकास समितिका प्रमुख डि.बि. नेपाली, पत्रकार केशव पाठक लगायतले विजयी खेलाडीहरुलाई मेडल, पुष्प गुच्छा र प्रमाण पत्र वितरण गरेका थिए।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः
२०१६ पौष २ गते

स्वर्गारोहणः
२०७९ चैत्र १०

**स्व. केशब कुमार श्रेष्ठ**

हाम्रा आदरणीय मित्र रामबजार पोखरा १० रामपथ निवासी नेपाल रेडक्रस सोसाइटी पोखरा १० का उपशाखाका उपसभापति एवं कार्यबाहक सभापति जीवन श्रेष्ठका पुजनीय पति, रितु श्रेष्ठ, जीना श्रेष्ठ र रितेस श्रेष्ठका पुजनीय बुबा अती मिलन सार, मृदुभाषी समाजसेवी संस्थाका सहयोगी **केशब कुमार श्रेष्ठ** को ६३ वर्षको उमेरमा भएको असामयीक स्वर्गारोहणले हामी रामबजारवासी अति मर्माहत भएका छौ यस दुःखद घडिको आज एघारौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र स्वर्गवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**सम्मर बहादुर श्रेष्ठ**
**सभापति**

**सुर्यबहादुर बानिया**
**सचिव**

**एवं**

**नेपाल रेडक्रस सोसाइटी**
**पोखरा १० उपशाखा परिवार पोखरा**